Regd. No. 1214/066/067

# दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड

# Dordi Khola Jal Bidyut Company Limited

Tripureshwor, Kathmandu, Nepal

प. सं.: १३४/०८०/८१

मिति: फाल्गुण १६, २०८०

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

**विषय: जानकारी गराएको सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेडले विद्युत नियमन आयोगमा १:१ अनुपातमा हकप्रद शेयरको सार्वजनिक निश्काशन सम्बन्धमा स्वीकृति मागको लागी निवेदन पेश गरेको जानकारी गराइन्छ । सोही सन्दर्भमा विद्युत नियमन आयोगबाट यस कम्पनीको चुक्तापुँजी रु १,०५,४२,६०,४००/- को १:१ को अनुपातमा हकप्रद शेयर निश्काशन गर्न स्वीकृति प्रदान गरिएको भन्ने पत्र यस कम्पनीमा मिति फाल्गुण १६, २०८० गते अपरान्ह ३:३० बजे प्राप्त भएकोले सो पत्रको प्रतिलीपी यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

भवदीय,

कञ्चन चौधरी

परिपालन अधिकृत

**बोधार्थ**

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरबार, काठमाण्डौ ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौ ।

# विद्युत नियमन आयोग

(नेपाल सरकारको विद्युत क्षेत्रको नियामक निकाय)


प.सं.०८०।०८१
च.नं. ३४०.

मितिः २०८०।११।१५

श्री दोर्दी खोला जलविद्युत कम्पनी
काठमाण्डौ ।

**विषय : हकप्रद शेयरको सार्वजनिक निष्काशनको लागि स्वीकृति प्रदान गरिएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा १२ मे.वा. क्षमताको दोर्दी १ जलविद्युत आयोजनाको प्रवर्द्धक श्री दोर्दी खोला जलविद्युत कम्पनी लि. ले हकप्रद शेयर निष्काशनको पूर्व स्वीकृतिका लागि मिति २०८०।१०।१९ मा पेश गरेको निवेदन बमोजिम कम्पनीको हालको चुक्ता पूँजी रु.१,०५,४२,६०,४००।- को १:१ अनुपातमा हकप्रद शेयर जारी गर्न विद्युत नियमन आयोग नियमावली, २०७५ को नियम ४५ बमोजिम तपसिलका शर्तहरु पालना गर्ने गरी स्वीकृति प्रदान गरिएको व्यहोरा आयोगको मिति २०८०।११।१५ को २२४ औं बैठकको निर्णयानुसार अनुरोध छ ।

शर्तहरुः

१. प्रचलित कानुन बमोजिम अनुमतिपत्र जारी गर्ने निकाय तथा अन्य निकायबाट सहमति लिनुपर्ने भएमा सो लिई आयोगलाई जानकारी गराउनु पर्नेछ ।
२. प्रचलित कानुन बमोजिम लाभकर लगायत अन्य कर बुझाउनु पर्ने भएमा सम्बन्धित निकायमा सो कर बुझाउनुपर्नेछ ।
३. कम्पनीले आयोगबाट समय समयमा जारी भएको मापदण्ड, संहिता तथा संस्थागत सुशासन सम्बन्धि निर्देशन पालना गर्नुपर्नेछ ।
४. तहाँ अन्तर्गतका शेयरधनीहरु मध्ये कुनै शेयरधनी विद्युत सम्बन्धी आयोजना बनाई नेप्सेमा सुचिकृत कम्पनी भएमा हकप्रद शेयर जारी गरी लगानी गर्ने भएमा आयोगको पूर्व स्वीकृति लिनुपर्नेछ ।
५. आयोगले ऐन, नियमावली, विनियमावली र निर्देशिका बमोजिम कार्यान्वयन गर्न र निर्दिष्ट विषय सम्पादन गर्न समय-समयमा आदेश वा परिपत्र जारी गर्दा सोको परिपालना कम्पनीले गर्नुपर्नेछ

(श्यामहरि विजुक्षे )
लेखा अधिकृत

बोधार्थः
श्री नेपाल धितोपत्र बोर्ड ।


**विद्युत नियमन आयोग**
सानो गौचरण, काठमाडौं, नेपाल
इमेलः info@erc.gov.np | वेबसाइटः www.erc.gov.np
फोनः +९७७-१-४४२२४४२, ४४३९००४, ४४४३३९० | फ्याक्सः +९७७-१-४४३२५८२